नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र
धुलिखेल, काभ्रे

टेलिफोन नं.०११-४१५०५५
फ्याक्स नं.०११-४१५०७८

प.सं. :- २०८२।८३ परीक्षा शाखा मितिः २०८३/०१/०४
च.नं. :-

## जुनियर नापी तालिम (विभागीय) को लागि आन्तरिक प्रतिस्पर्धाबाट आवेदन आह्वान सम्बन्धी सूचना।

प्रस्तुत विषयको सन्दर्भमा यस केन्द्रको चालु आ.व. २०८२।८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार २४ जना नेपाल इन्जिनियरिङ्ग सेवा, सर्भे समूह, रा.प. अनंकित प्रथम तथा द्वितीय श्रेणीका कर्मचारीहरुलाई आन्तरिक प्रतिस्पर्धाको आधारमा १२ महिना अवधिको जुनियर नापी तालिम (विभागीय) संचालन गर्ने लक्ष्य रहेकोले देहाय बमोजिमको योग्यता पूरा भएका इच्छुक स्थायी कर्मचारीहरुलाई सलंग्न आवेदन फारम भराई सिफारिस साथ मिति २०८३/०२/०७ सम्म केन्द्रबाट आवेदन आह्वान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

१.आवश्यक न्युनतम योग्यता

क) नेपाल इन्जिनियरिङ्ग सेवा, सर्भे समूहमा कार्यरत रही आवेदन दिने अन्तिम मिति सम्ममा कम्तिमा ३ वर्ष स्थायी सेवा अवधि पुरा गरेको हुनुपर्नेछ।

ख) एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी अमीन वा आधारभूत नापी तालिम प्राप्त गरेको वा सर्भे विषयमा टी.एस.एल.सी. उत्तीर्ण गरेको हुनुपर्नेछ।

ग) नेपाल इञ्जिनियरिङ्ग सेवा, सर्भे समूहबाट प्रदेश वा स्थानीय तहमा समायोजन भै गएका र उपदफा (क) र (ख) बमोजिम योग्यता पुगेका कर्मचारीहरूले नियमानुसार मनोनयन भई आएमा जुन पदबाट समायोजन भई गएको हो सोही पदको हैसियतमा बुँदा (४) बमोजिमको प्रतिस्पर्धामा सहभागी हुन योग्य मान्न सकिनेछ।

२.जुनियर नापी तालिम (प्रदेश र स्थानीय तह) इन्जिनियरिङ सेवा सर्भे समूहका कर्मचारीहरुलाई वि.सं.२०८३ साउनमा छुट्टै तालिम आवेदन आह्वान गरिनेछ।

३.संलग्न गर्नुपर्ने कागजातहरु

क) सम्बन्धित विभाग वा निकायको सिफारिस।

ख) शुरु तथा हाल कार्यरत पदमा नियुक्ति हुँदाको नियुक्ति पत्रको प्रतिलिपि।

ग) शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रतिलिपि।

४.आवश्यक न्यूनतम योग्यता लगायत अन्य कागजातहरु नपुगेको देखिएमा केन्द्रले जुनसुकै बखत आवेदन बदर गर्न सक्नेछ।

५.तोकिएको मिति भन्दा पछि प्राप्त भएका दरखास्त उपर कुनै कारबाही हुने छैन।

६.यस केन्द्रबाट दरखास्त फारम स्वीकृत भएपछि प्रवेश पत्र प्रदान गरिनेछ।

७.प्रशिक्षार्थीको छनौट विद्युतीय माध्यम (कम्प्युटर प्रणाली) बाट हुनेछ।

८.लिखित परीक्षा मिति २०८३/०२/२० गते बुधबार ११:०० बजे भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र, धुलिखेल काभ्रेपलाञ्चोकमा संचालन हुनेछ।

९.लिखित परीक्षाको अन्तिम नतिजा केन्द्रको वेबसाइट र सूचनापाटीमा सोहि दिन प्रकाशन गरिनेछ।

१०.तालिम मिति २०८३/०३/०१ गते सोमबरबाट शुरु हुनेछ।

११.अन्य जानकारीको लागि भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र, काभ्रेपलाञ्चोकको फोन नं. ०११-४१५०५५ मा सम्पर्क गर्न वा कार्यालयमै सम्पर्क राख्न वा केन्द्रको वेबसाइट www.lmtc.go.np बाट समेत जानकारी प्राप्त गर्न सकिनेछ ।